# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५ )जनकपुरधाम,नेपाल, बैशाख ०२ गते,२०७८ साल(अतिरिक्ताङ्क १

भाग २

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## मधेशी शहिद प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन) निर्देशिका, २०७७

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. दुईको प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस निर्देशिकाको नाम "मधेशी शहिद प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन) निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा :</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम निर्देशक समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यक्रम खर्च" भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने लक्षित कार्यक्रम र बजेट खुलेको खर्च सम्झनु पर्छ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(घ) "घाईते" भन्नाले प्रदेश सरकारले तोके बमोजिमका सम्वत् २०६३ सालदेखि मधेशको अधिकार प्राप्तिको लागि भएका आन्दोलनको क्रममा घाईते भई अपाङ्ग भएका व्यक्ति सम्झनु पर्छ।

(ङ) "प्रतिष्ठान" भन्नाले मधेशी शहिद प्रतिष्ठान सम्झनु पर्छ।

(च) "पिडित" भन्नाले खण्ड (घ), (छ) को परिवार र (झ) बमोजिमका व्यक्ति सम्झनु पर्छ।

(छ) "मधेशी शहिद" भन्नाले नेपाल सरकारबाट शहिद घोषणा भएका व्यक्ति मध्ये सम्वत् २०६३ सालदेखि मधेशको अधिकार प्राप्तिका लागि भएका आन्दोलनमा मारिएका भनी प्रदेश सरकारले तोकेका व्यक्ति सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(झ) "शहिद परिवार" भन्नाले शहिद प्रति आश्रित उनका श्रीमान/श्रीमती, छोरा, छोरी, आमा, बाबु, दाजुभाई तथा दिदी बहिनी समेतलाई सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित निर्देशक समिति सम्झनु पर्छ।

३. <u>निर्देशक समिति</u>ः (१) मधेशी शहिदहरुको सम्झनामा पूर्वाधार विकास, शहिद परिवारको रेखदेख, शहीद परिवारका लागि रोजगार कार्यक्रम सञ्चालन तथा मधेश आन्दोलनमा घाईते तथा अपाङ्ग भएकाहरुको लागि सामाजिक सुरक्षाको प्रबन्ध तथा व्यवस्थापन लगायतका क्रियाकलापहरुको निर्देशन तथा सञ्चालन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) मन्त्री,आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(च) मधेशी शहिद परिवारहरुमध्ये अध्यक्षबाट मनोनित एक जना महिला सहित दुई जना -सदस्य

(छ) कार्यकारी निर्देशक -सदस्य सचिव

(२) उपदफा (१) को देहाय (च) बमोजिमको सदस्यको पदावधि अध्यक्षले अगावै हटाएमा बाहेक चार वर्षको हुनेछ ।

तर हटाउनु पूर्व सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

४. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिबाट सञ्चालन गरिने कार्यक्रमहरुको अध्ययन अनुसन्धान गर्ने तथा नीति तर्जुमाका लागि प्रदेश सरकारलाई सुझाव दिने,

(ख) पिडितको लागि स्वास्थ्य, शिक्षा, रोजगारी, जीवन निर्वाह भत्ता,

आर्थिक उन्नति सम्बन्धि कार्ययोजना तयारी गर्ने गराउने,

(ग) पिडितलाई लक्षित हुने गरी रोजगारमूलक तथा सिपमुलक कार्यक्रमहरु छनौट गरी सञ्चालन गर्ने,

(घ) पूर्वाधार विकासको लागि उपयुक्त स्थान छनौट गरी पूर्वाधार विकास निर्माण गर्न प्रदेश सरकारलाई सिफारिश गर्ने,

(ङ) मधेशी शहिद तथा पिडितको लागि सम्मान कार्यक्रमहरु आयोजना गर्ने,

(च) वार्षिक प्रगति विवरण प्रदेश सरकार समक्ष पेश गर्ने,

(छ) प्रदेश सरकारले तोकेका अन्य कार्यहरु गर्ने ।

(२) उपदफा (१) बमोजिमका सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम सामाजिक विकास मन्त्रालय अन्तर्गतका निकायबाट सञ्चालन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्य गर्न कुनै मन्त्रालयमा बजेट विनियोजन भएमा प्रतिष्ठानसँग समन्वय गरी गर्नु पर्नेछ ।

५. <u>समितिको बैठक :</u> (१) समितिको बैठक वर्षमा कम्तीमा छ पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

तर पहिलो पटक गणपुरक संख्या नपुगी बैठक बस्न नसकेमा दोस्रो पटक कुल सदस्य संख्याको एक तिहाई संख्या उपस्थित भएमा पनि बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) समितिले सरोकारवालाहरुलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>कार्यकारी निर्देशकः</u> (१) समितिको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न एक कार्यकारी निर्देशक रहनेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको कार्यकारी निर्देशकको जिम्मेवारी अधिकृतस्तरको कुनै कर्मचारीलाई तोक्न सक्नेछ ।

७. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u> कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको दैनिक प्रशासन संचालन गर्ने,

(ख) समितिबाट स्वीकृत कार्यक्रम, योजना, कार्यक्रमहरुको कार्यान्वयन गर्ने,

(ग) प्रगति विवरण प्रत्येक बैठकमा प्रस्तुत गर्ने,

(घ) वार्षिक प्रगति विवरण समितिमा पेश गर्ने,

(ङ) समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वयन गर्ने गराउने,

(च) प्रदेश सरकार वा समितिले तोके बमोजिम अन्य काम गर्ने ।

८. <u>कार्यक्रम बजेट सम्बन्धी व्यवस्थाः</u> (१) प्रतिष्ठानको लागि आवश्यक रकम मन्त्रालयले व्यवस्था गर्नेछ।

(२) मन्त्रालयले कार्यक्रम बजेटमा प्रतिष्ठानको लागि चाहिने आवश्यक बजेट विनियोजन गर्नेछ।

तर पहिलो वर्षको लागि कार्यक्रम बजेटमा समावेश नभएकोले आवश्यक बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराउनेछ।

९. <u>लेखा तथा लेखा परीक्षणः</u> (१) समितिले प्रचलित कानून बमोजिमको लेखा प्रणाली अवलम्बन गर्नेछ ।

(२) प्रदेश सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जाँच गराउन सक्नेछ।

१०. <u>उप-समिति गठन गर्न सक्ने</u>:(१) समितिले आफ्नो काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार विभिन्न उप-समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उप-समितिको काम, कर्तव्य, अधिकार, कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. <u>बैठक भत्ता</u>ः समिति वा उप-समितिका सदस्यहरुले प्रचलित कानुन बमोजिमको बैठक भत्ता पाउने छन् ।

१२. <u>अधिकार प्रत्यायोजन</u>ः (१)समितिले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको कुनै सदस्य वा उप-समिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. <u>प्रतिवेदन पेश गर्नुपर्नेः</u> (१) प्रतिष्ठानले गरेको काम कारवाहीको प्रगति विवरण प्रत्येक वर्षको भाद्र महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालयले प्रदेश सरकारमा पेश गर्नेछ ।

१४. <u>प्रतिष्ठानको कार्यालयः</u> समितिको कार्यालय मन्त्रालय अन्तर्गत रहनेछ ।

१५. <u>अनुगमन सम्बन्धी व्यवस्थाः</u> (१) प्रतिष्ठान अन्तर्गत संचालित कार्यक्रमहरुको समितिले नियमित रुपमा अनुगमन गर्ने, गराउने छ ।

(२) कार्यक्रमको अनुगमन गर्नको लागि आवश्यकतानुसार मन्त्रालयका कर्मचारीहरुलाई समेत परिचालन गर्न सकिनेछ ।

(३) अनुगमन गर्ने पदाधिकारी वा कर्मचारीले अनुगमन पश्चात प्रतिवेदन पेश गर्नुपर्नेछ।

(४) अनुगमनमा संलग्न कर्मचारी वा पदाधिकारीलाई नियमानुसार अनुगमन भत्ता वा दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

१५. <u>प्रदेश सरकारसँग सम्पर्क</u>ः समितिले प्रदेश सरकारसँग सम्पर्क राख्नु पर्दा आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१६. <u>संशोधन गर्न सक्ने</u>ः आवश्यकता अनुसार प्रदेश सरकारले यस निर्देशिकालाई संशोधन गर्न सक्नेछ ।

स्विकृत मिति:-२०७८।०१।०२

आज्ञाले,
वीरेन्द्र कुमार यादव
प्रदेश सरकारको सचिव